<u>बाग्लुङ जिल्लाको गल्कोटमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा</u>

# व्यवसायिक बाख्रापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ फाल्गुन १२ गते देखि १४ गतेसम्म बाग्लुङ जिल्लाको गल्कोट स्थित रोयल गोर्खाज होटलको हलमा **"व्यवसायिक बाख्रापालन तालिम"** सम्पन्न गरेको संस्थाका पोखरा क्षेत्रीय कार्यालयका कार्यक्रम अधिकृत श्री दामोदर पाठकले जानकारी गराएका थिए । यस तालिममा प्रमुख अतिथी गल्कोटका नगर प्रमुख श्री भरत शर्मा गैरे, विशिष्ट अतिथी नगर उप प्रमुख रेनुका काउचा, कार्यक्रम अधिकृत दामोदर पाठक प्रशिक्षकहरु पशु प्राबिधिकहरुको तर्फबाट श्री हरिदत्त सुबेदी, श्री बलराम अधिकारी र राजन सुबेदी त्यस्तै संस्थाको तर्फबाट कार्यक्रम अधिकृत श्री दामोदर पाठक, शाखा प्रमुख श्री लक्ष्मण सापकोटा, लेखापाल श्री झबिन्द्र भण्डारी र केन्द्र परिचालक श्री चन्द्रकला सुनार रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नत तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय कार्यालय पोखरका कार्यक्रम अधिकृत श्री दामोदर पाठकले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

उद्देश्य बारेमा संस्थाको गलकोट शाखा कार्यालयका प्रमुख लक्ष्मण सापकोटाले प्रकाश पारेका थिए ।

बाख्रापालन व्यवसाय एक परिचय, स्थानीय र उन्नत बाख्रामा भिन्नता, बाख्रापालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा पालिने स्थानीय तथा उन्नत नश्लका बाख्राहरुको जातीय परिचय, बाख्रापालन विधि, उमेर अनुसार पाठापाठी, बाख्रा बोकालाई भूँईको आवश्यकता तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नतखोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने वस्तुहरु, उमेर अनुसार बाख्रालाई आहारको आवश्यकता तथा आहाराका श्रोतहरु (भूँई घाँस, डाले घाँस, चरन क्षेत्र बारे जानकारीको साथै सन्तुलित दाना बनाउने विधि र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, प्रजननको लागि बाख्रा तथा बोकाको छनौट गर्ने तरिका, प्रजनन गराउने उमेर, स्वजातीय तथा प्रजातीय प्रजननबाट हुने फाईदा बेफाईदा बारे जानकारी, थारा, ब्याउने बाख्रा, पाठा र पाठी र ब्याएको माउको हेरचाह, खोर, दानापानी दिने भाँडाहरुको सरसफाईको साथै खसी पार्ने उमेर र तरिकाहरु बारे आवश्यक जानकारी, रोग तथा निरोगी बाख्राको पहिचान, रोग लाग्नाका कारण तथा बाख्रामा लाग्ने पिपिआर रोग, टिम्पेनी, छेरौटी रोग, बाख्राको छ मासे रोग, खोरेत रोग, रेविज रोगको लक्षण, उपचार तथा रोकथामका उपायबारे जानकारी, बाख्रामा हुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रम बारे जानकारी, स्थानीय बाख्रा पालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार व्यवस्थापन, बाख्रापालनको स्किम, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरु आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने गलकोट शाखाका शाखा प्रमुख लक्ष्मण सापकोटाले बताएका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आईरहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

संस्थाले २०७६ माघ मसान्त सम्ममा करिब ३ लाख ७४ हजार घरपरिवारहरुमा सेवा विस्तार गरेको छ। संस्थाले २०७६ माघ मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. २० अरब छ भने ग्राहक सदस्यहरुको करिब १२ अरब बचत परिचालन गरेको छ । बाखा पालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका गलकोट शाखाका शाखा प्रमुख श्री लक्ष्मण सापकोटाले जानकारी गराएका थिए ।

तालिमको उद्घाटन गलकोट नगरपालिकाका नगर प्रमुख श्री भरत शर्मा गैरेले गर्नु भएको थियो । उद्घाटन सत्रमा श्री शर्मा गैरेले तालिमबाट लिएको ज्ञान सीपलाई उपयोग गर्दै आत्मनिर्भरतातिर लाग्न सहभागीहरुलाई प्रेरित गर्दै तालिमको सफलताको कामना गर्नुभएको थियो त्यसैगरी नगर उप प्रमुख रेनुका काउचाले तालिमले सहभागीहरुको भावी जीवनमा सकरात्मक परिवर्तन ल्याउन सकोस भन्दै तालिमको सफलताको शुभकामना दिनुभएको थियो । तालिमको मूल्याकंन सहभागी श्री सुरज वि.क, फुलमाया वि.क र तेजमाया मल्लले मन्तब्य राखेका थिए। ब्यवसायिक रुपमा उन्नत बाखापालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । बाखापालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय कार्यालय पोखराका कार्यक्रम अधिकृत श्री दामोदर पाठकले जानकारी गराएका थिए। तालिमको संचालन गलकोट शाखाका लेखापाल श्री झबिन्द्र भण्डारीले गरेका थिए ।

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.